म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४२ मंगलबार १९ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 3 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालश्रम गर्ने दुईजनाको उद्धार

हेटौंडा, १८ पुस/बालश्रम गर्ने दुई बालिकालाई सिविन बालहेल्पलाईन मकवानपुरले उद्धार गरेको छ । हेटौंडा उपमहानगर पालिकाको समन्वयमा सिविनले सोमबार बालश्रम गर्ने दुईजना बालिकाको उद्धार गरेको हो । उपमहानगरको महिला तथा बालबालिका विकास महाशाखा प्रमुख विष्णु कुमारी लामिछानेले हेटौंडा-५ सानोपोखरामा बाटा बिक्रि गर्दै हिडेको अवस्थामा ९ र १३ वर्षको दुई बालिका फेला पारेको थिइन् । लामिछानेको सहयोगमा सिविनले बालश्रम गर्ने ती बालिकाहरुलाई उद्धार गरेको जनाएको छ । सिविन मकवानपुरका संयोजक फणिन्द्र ज्ञवालिले उद्धार गरिएको बालिकाहरुको घर भारतको उत्तरप्रदेश रहेको बताए । उनीहरुले भारि बाटाको सामान बिक्रि गर्ने गरेको भन्दै सोमबार उनीहरुलाई बालहेल्पलाइनमा नै राखिएको बताए । मंगलबार उनीहरुलाई परिवारको जिम्मा लगाइने ज्ञवालीको भनाई छ । हेटौंडा उपमहानगरपालिकालाई अर्को मंसिरसम्म बालमैत्री उपमहानगर बनाउने तयारी छ । उपहानगरले बालमैत्री घोषणा गर्नुअघि उपमहानगरमा भइरहेको बालश्रम नियन्त्रणलाई कडाई गर्दै आएको छ ।

# सत्तामा आएपछि एमालेले घटाउँला मन्त्रालय संख्या ?

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/०७८ कात्तिक ११ गते कांग्रेस नेतृत्वको गठबन्धनको समर्थनमा राजेन्द्र प्रसाद पाण्डे बागमती प्रदेशको तेस्रो मुख्यमन्त्रीमा नियुक्त भए ।

प्रदेशसभाको ३ दलको समर्थनमा मुख्यमन्त्री बनेका पाण्डेले सत्तारोहण गरेलगत्तै गठबन्धन घटक दलहरुमा भागवण्डा मिलाउन मन्त्रालयहरु विभाज गरे । ८ वटा मन्त्रालयलाई भागवण्डा मिलाउन १४ वटा मात्रै बनाएनन्, राज्यमन्त्री सहित १८ सदस्यीय मन्त्रीमण्डल बनाए । पाँच दलिय गठवन्धनको नेतृत्व गर्दा मुख्यमन्त्री पाण्डेले झ्याल-झ्यालमा मन्त्रालय राखेको भन्दै देशैभरि व्यापक आलोचनाको सामना गरे ।

हेटौंडा उपमहानगर पालिका-१ चौकिटोल स्थित एउटै सरकारी भवनमा ५ वटा मन्त्रालय राखिएकोमा विरोध मात्र भएन त्यो भवन सामाजिक सञ्जालमा निकै भाइरल समेत बन्यो । एउटै भवनको प्रत्येक तलामा मन्त्रालय र झ्यालैपिच्छे मन्त्रालयका बोर्ड झुण्डाइएको थियो । साढे ३ वर्ष सरकारको नेतृत्व गरेर सत्ताच्युत भएको एमालेले मन्त्रालयको संख्या बढाएकोमा विरोध मात्रै गरेन संसद अवरुद्ध समेत गर्यो । सरकारी भवन नपाएर भाडाको घरमा मन्त्रालय र मातहतका कार्यलय राखिएको भन्दै चर्को आलोचना भयो । त्यसबेला विपक्षी दल एमालेले मात्रै नभएर सत्ता पक्षबाटै पनि मन्त्रालयको संख्या बढाइएकोमा आलोचना गरेका थिए ।

आम जनताले पनि मन्त्रीमण्डल विस्तारको आलोचना गरे । एमालेले त प्रदेशसभामा पटकपटक विशेष समय लिएर मन्त्रालय विभाजन गरेको कुरामा खरो आलोचना गरेको थियो । प्रतिपक्षमा बस्दा मन्त्रालय र मन्त्रीको



संख्याको विरोध गरेको नेकपा एमाले अब प्रदेशको सत्तापक्षमा पुगेको छ । केन्द्रमा भागवण्डा मिले बागमती प्रदेश सरकारको नेतृत्व नै एमालेले गर्ने प्रवल सम्भावना छ । त्यसैले प्रतिपक्षमा हुँदा विरोध गरेको एमालेले बागमती प्रदेशको मन्त्रालयको संख्या घटाउला कि नघटाउला भन्ने चासो आम नागरिकमा रहेको छ ।

एमालेले सरकारको नेतृत्व गरेपनि नगरेपनि सरकारमा जाने पक्का भएकोले एमालेले प्रदेशको मन्त्रालय संख्या घटाउला कि के गर्ला ? भन्ने चर्चा सुरु भएको छ । नेकपा एमाले बागमती प्रदेश संसदीय दलको नेतामा जगन्नाथ थपलिया (जेएन) निर्वाचित भएका छन् । प्रदेशको नेतृत्व एमालेको भागमा परे थपलिया नै मुख्यमन्त्री बन्ने पक्का छ । मुख्यमन्त्रीको सम्भावित रहेका थपलिया हाल प्रदेशमा रहेको मन्त्रालयको संख्या घटाइने बताउँछन् । एमालेले प्रतिपक्षमा हुँदा विरोध गरेको मन्त्रालय संख्यालाई सत्तापक्षमा आएपछि घटाएर सुधार्ने थपलियाले बताए । 'अहिले बागमती प्रदेशमा भएका सबै मन्त्रालय काम छैन । हामी आवश्यक रहेको मन्त्रालय मात्रै राखेर अनावश्यक मन्त्रालय घटाउछौं', थपलियाले भने । उनले बागमतीमा नयाँ सरकार गठन हुने बितिक्कै सबैभन्दा पहिला मन्त्रालयको संख्या कटौती गर्ने काम हुने बताए । 'बागमती प्रदेशमा हामीले नयाँ सरकार बनाउने बितिक्कै सबैभन्दा पहिला मन्त्रालय कटौती गर्ने काम गर्छौं',उनले भने ।

थपलियाले बागमतीमा बन्ने नयाँ सरकार गठबन्धनकै समर्थनमा बन्ने भएकोले भागवण्डा मिलाउनुपर्ने भएपनि दलहरुलाई मिलाएर भएपनि मन्त्रालय कटौती गर्ने दावी गरे । नेकपा माओवादी केन्द्रका संसखीय दलको नेता शालिकराम जम्कट्टेल पनि बागमतीमा मन्त्रालयको संख्या कटौती गर्ने बताउँछन् । हाल प्रदेशमा रहेको मन्त्रालय सबै आवश्यक नरहेको भन्दै उनले मन्त्रालयको संख्या घटाइने बताए ।

'अहिले प्रदेशमा रहेको सबै मन्त्रालय आवश्यक छैन । अध्ययन गरेर आवश्यक मन्त्रालय राखेर अनावश्यक मन्त्रालय कटौती गर्नैपर्छ',उनले भने । उनले प्रदेशमा हाल रहेको १४ मन्त्रालयलाई घटाएर ९ वा ११ वटा सम्म बनाउनुपर्ने बाए । उनले आफूले पहिला पनि धेरै मन्त्रालय नबनाउन गठबन्धनमा आग्रह गरेको भन्दै हाल रहेको मन्त्रालय घटाउने बताए ।

बागमती प्रदेशमा पहिलो ५ वर्षको कार्यकालमा एक तिहाईभन्दा बढी सांसद् मन्त्री बनेका थिए । प्रदेश सरकार स्थापनाको पाँच वर्षमा ३८ जना प्रदेश सांसद मन्त्री र राज्यमन्त्री बनेका हुन् । यस अवधिमा बागमती प्रदेशले २९ जना मन्त्री र ९ जना राज्यमन्त्री पायो । ११० सांसद रहेको बागमती प्रदेशले ३ मुख्यमन्त्रीसहित ३८ मन्त्री पायो । प्रदेशको कुल सांसद संख्याको करिव ३५ प्रतिशतले सत्ताको स्वाद चाखे ।

प्रारम्भमा ७ मन्त्रालय रहेको बागमती प्रदेशमा हाल १४ मन्त्रालय छन् । ५ वर्षे कार्यकालमा प्रदेशको मन्त्रीमण्डल पुनर्गठन तथा विस्तार ७ पटक भयो । अघिल्लो कार्यकालमा प्रदेशमा मन्त्रीको संख्या धेरै बनाउने पार्टी एमाले बन्यो । एमालेबाट बागमतीमा २ जना मुख्यमन्त्री बने भने १६ जना मन्त्री बने । सत्ताको स्वाद चाख्नेमा एमालेका सांसदहरु बढी देखिए ।

यस्तै नेकपा एकीकृत समाजवादीबाट एक मुख्यमन्त्रीसहित ४ मन्त्री र एक राज्यमन्त्री, नेपाली कांग्रेसबाट ३ राज्यमन्त्रीसहित ८ मन्त्री,माओवादी केन्द्रबाट ६ जना मन्त्री बने । तत्कालीन नेकपा विभाजन, त्यसपछि एमाले विभाजित बनेर बनेको नेकपा एकीकृत समाजवादी पार्टीका संसदीय दलका नेता राजेन्द्र प्रसाद पाण्डे मुख्यमन्त्री बनेपछि बागमती प्रदेशमा मन्त्रालयको संख्या बढेको हो । २०७८ कार्तिक ११ गते मुख्यमन्त्रीमा नियुक्त भएका पाण्डेले २०७८ मंसिर १५ गते ८ मन्त्रालयलाई विभाजन गर्दै १७ पुर्याएका थिए । त्यसलगत्तै उनले पटक पटक गरेर १८ जनालाई मन्त्री बनाएका थिए ।

## कुलेखानीमा जीपलाइनको सफल परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र कुलेखानीमा जीपलाइनको सफल परीक्षण गरिएको छ । इन्द्रसरोबर गाउँपालिका-१, स्थित कुलेखानी एड्भेन्चर प्रालिले जीपलाईन संचालन गर्न परीक्षण गरेको हो ।

कुलेखानी भिलेज रिसोर्टका संचालक परशुराम योञ्जनका अनुसार जीपलाइन सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी दिए । कुलेखानी एडेभेन्चर प्रालिले अंग्रेजी नयाँ वर्षको अवसरमा जीपलाइनको परीक्षण गरिसकेको छ । एक पटकमा दुईजना यात्रा गर्न सकिने गरि निर्माण गर्न लागिएको उक्त जीपलाईनको नियमित संचालन एकमहिना भित्रै हुने सञ्चालक योञ्जनले बताए । कुलेखानीमा बोटिङको मज्जासँगै अर्को साहसिक पर्यटन जीपलाइन सुरु गर्न तयारी सकिएको उनको भनाई छ ।

काठमाडौंबाट नजिक यी दुवै 'बोटिङ र जीपलाइन'को मज्जासँगै लिन पाउने ठाउँ कुलेखानी रहेको उनले बताए । तालमाथि नै जीपलाइन गर्न पाइने नेपालमै पहिलो पटक भएको उनको भनाई छ ।

इन्द्रसरोवरको छरदार दोबाटोमा स्टेशन राखिएको जीपलाइन ६ सय मीटर भन्दा बढि लामो छ । जग्गा बाहेक एक करोड भन्दा बढी लगानीमा सुरु गर्न लागिएको जीपलाइनको सफल परीक्षणसँगै पर्यटकहरु थप आकर्षित हुने लगानीकर्ताहरुको अनुमान छ । इन्द्रसरोबर पछिल्लो समय पर्यटकहरुको आकर्षणको केन्द्र बन्दै गएको छ ।

# भीमफेदीमा ३०-३५ जना विद्यार्थीको कपाल काटिएको घटना के हो ?

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/जिल्लाको पुरानो सदरमुकामसमेत रहेको भीमफेदी बजारस्थित महेन्द्र माध्यमिक विद्यालयका करिब ३० देखि ३५ जना विद्यार्थीलाई सजाय दिइएको छ ।

विद्यार्थी-विद्यार्थी बीच दैनिक झैझगडा गर्ने र कक्षा कोठामा समेत अनावश्यक रुपमा होहल्ला गर्ने छात्र विद्यार्थीहरुलाई विद्यालय, वडाका प्रतिनिधिको रोहबरमा सोमबार इलाका प्रहरी कार्यालय भीमफेदीले सजाय दिएको हो । भविष्यको खोजीमा अध्ययन गरिरहेका छात्र विद्यार्थीहरुको आचरण नराम्रो भएको विद्यालयको गुनासोप्रति इप्रका भीमफेदीले ८, ९ र १० कक्षामा पढ्ने करिब ३५ जना छात्रलाई सम्झाउने र कपाल काटेर सजाय दिएको हो । इप्रका भीमफेदीका इन्चार्ज प्रहरी निरीक्षक प्रतिमा कार्कीले विद्यालयका प्रधानाध्यापक, शिक्षक र वडा कार्यालयका जनप्रतिनिधिहरुको रोहबरमा विद्यार्थीहरुलाई सम्झाएर पठाइएको बताइन् ।

सोमबार ८ कक्षामा अध्ययनरत् करिब १४ वर्षका छात्रमाथि ३ जना छात्रहरुले कुटपिट गरेर घाइते बनाएपछि विद्यालय प्रशासन प्रहरीकोमा पुगेको थियो । कुटपिटबाट उक्त बालकको कानमा चोट लागेको र थप उपचारका लागि हेटौंडा अस्पताल ल्याउने तयारी भइरहेको प्रहरी निरीक्षक कार्कीले जानकारी दिइन् । '९ र १० कक्षाका विद्यार्थीहरुको ग्याङग्याङ रहेछ । भीमफेदी ग्याङ, धोर्सिङ ग्याङको नाम दिइएको रहेछ । दिनकै उनीहरुले साना विद्यार्थीहरुलाई पिट्ने, कक्षा



कोठामा ह्यारेसमेन्ट गर्ने गरेका रहेछन् । एकआपसमा दिनकै झगडा गर्न थालेपछि विद्यालय नै इप्रका कार्यालयमा आएर विद्यार्थीहरुलाई सम्झाई दिन आग्रह गरेको हो,' कार्कीले भनिन् ।

विद्यार्थी भन्न नसुहाउने गरी कपाल काटेका करिब ३५ जनाको कपाल छोटो बनाएर काटिएको तर प्रचार गरे जस्तो टाउको मुण्डन नै नगरिएको प्रहरी निरीक्षक कार्कीको भनाई छ । 'कपाल लामोलामो पालेर आउने गरेको, विद्यालयको निर्देशन पालन नगरेको भएपछि हामीलाई गुनासो आएको हो । विद्यालयकै आग्रहमा सैलुनमा कपाल काटिएको हो,' कार्कीले भनिन् । उनले कपाल काट्ने कार्य गलत नभएको र कुनै धार्मिक संस्कृतिप्रति लक्षित नगरी विद्यार्थीमा हुनुपर्ने गुणका बारेमा सम्झाउन गरिएको बताएकी छन् । ठूलो कक्षाका विद्यार्थीहरुले सानो कक्षाका विद्यार्थीहरूलाई बाटोमै छेकेर विद्यालय आउन नदिनेसम्मको कार्य गरेको र मुख छोपेर शरिरमा अन्धधुन्द प्रहार गर्ने गरेको अनुसन्धानबाट पत्ता लागेको कार्कीले जानकारी दिएकी छन् ।

भीमफेदी गाउँपालिकाकी निवर्तमान उपाध्यक्ष पावती रानाले विद्यार्थीहरुको कपाल मुण्डन गर्ने अधिकार कसले दियो भन्दै प्रश्न गरेकी छन् । गल्ती भएको अवस्थामा विद्यालयमा छलफल गरिनुपर्ने उनको भनाई छ । विद्यार्थीहरुको कपाल काटिएको विषयमा भने अभिभावकहरुले गुनासो गरेका छन् । अभिभावक विनेश रानाले आफ्नो छोराको कपाल काटिएको भन्दै गुनासो गरे । गल्ती गर्नेको पहिचान नगरी आफ्नो छोराको कपाल काटिएको उनले आरोप लगाए । केही अभिभावकहरुले भने आफ्ना छोराछोरीले गरेको गल्ती अभिभावकलाई ढिला नै थाहा हुने भन्दै सम्झाईबुझाई गर्दै लामो कपाल काटेर पठाइको घटनालाई अतिरञ्जित बनाउन नहुने धारणा राखेका छन् ।

# प्रदेशसभा बैठकमा पाँच वटा अध्यादेश टेवल

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ बागमती प्रदेशसभा दोस्रो कार्यकालको पहिलो बैठकमा पाँच वटा अध्यादेश टेवल भएको छ ।

४ मंसिरमा भएको निर्वाचनपछि पहिलोपटक सोमबार बसेको बैठकमा पाँच वटा अध्यादेश टेवल भएको हो । सोमबार बसेको बैठकले प्रदेशसभा नियमावली २०७४ (पहिलो संशोधनसमेत) लाई अंगिकार गरी बैठक सञ्चालन गर्ने प्रस्ताव बहुमतले पारित गरेको छ ।

बैठकमा संस्कृति तथा पर्यटन मन्त्री दीपेन्द्र श्रेष्ठले प्रदेश स्वास्थ्य सेवा ऐन-२०७५ लाई संशोधन गर्न बनेको अध्यादेश टेबल गरेका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईंले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०७९ पेस गरेका थिए । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मिलनबाबु श्रेष्ठले प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०७९ टेबल गरेका थिए ।

आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गरेको बनेको अध्यादेश-२०७९ र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०७९ टेबल गरेका थिए । बैठकले सभामुख र उपसभामुख चयनको मिति तोकेको छ । त्यस्तैगरि बैठकमा प्रदेशसभा नियामावली पहिलो संशोधन २०७४ को नियम ११ उपनियम १ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने प्रदेशसभा सदस्य मनोनीत गरिएको छ ।

उर्मिला नेपाल, भारती पाठक, ठाकुरप्रसाद ढकाल, लक्ष्मी घिमिरे तथा राजेन्द्रमान श्रेष्ठलाई सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न मनोनीत गरिएको हो । प्रदेशसभाको दोस्रो बैठक पुस २९ गते शुक्रबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको छ ।

# नवनिर्वाचित सांसदहरुलाई स्वागत तथा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ रामेछाप-काभ्रे-मकवानपुर मैत्री समाजले बागमती प्रदेशसभाको नवनिर्वाचित सांसदहरुलाई स्वागत तथा सम्मान गरेको छ ।

सोमबार हेटौंडामा एक कार्यक्रमको आयोजना गर्दै समाजले रामेछाप,काभ्रे र मकवानपुरबाट निर्वाचित भएका सांसदहरुलाई स्वागत तथा सम्मान गरेको हो ।

समाजका अध्यक्ष मानबहादुर लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा काभ्रेबाट प्रदेश सभा सदस्यमा दोस्रोपटक निर्वाचित भएका प्रदेश सरकारका युवा तथा खेलकुद विकास मन्त्री रत्न प्रसाद ढकालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा रामेछापबाट निर्वाचित सांसदहरु युवराज चौलागाई, तारानारायण श्रेष्ठ, माया कार्की र आनन्दराम श्रेष्ठको उपस्थिती रहेको थियो । काभबाट निर्वाचित सांसदहरु तिर्थ लामा पनि कार्यक्रममा उपस्थित थिए ।

मकवानपुरका सांसदहरु प्रेम बहादुर पुलामी, भारती पाठक र श्रक्ष्मी श्रेष्ठलगायतलाई पनि समाजले स्वागत तथा सम्मान गरेको थियो ।

कार्यक्रममा भुमि आयोगका अध्यक्ष विष्णु दाहाल, हेटौंडा उपमहानगरपालिकाको प्रवक्ता सविन न्यौपाने, समाजका सहसचिव देविराम लामा,पूर्वअध्यक्ष चेतप्रसाद पौडेल लगायतको उपस्थिती रहेको थियो ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरूः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्कः

९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

साझाकुरा

## हाम्रो कुरा

# ब्याजदरमा पुनर्बिचार जरुरी

आर्थिक मन्दीको चपेटामा परेका व्यवसायीहरुले बैंकले ब्याजदर बढाएर झन् आक्रान्त पारेको भन्दै आन्दोलनमा उत्रिएका छन् । पछिल्लो समय सरकारले जारी गरेको चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन-२०७९ लागू भएपछि त झन् आर्थिक संकट परेको भन्दै सच्याउन माग गर्दै व्यवसायीहरु सडक आन्दोलन चर्काउन बाध्य भएका छन् । व्यापार राम्रो छैन । महंगी बढिरहेको छ । जनताको क्रयशक्तिमा ह्रास आइरहेको छ । व्यवसायीहरुले बैंकबाट ऋण काढेर व्यवसाय गरिरहेका छन् । यही बेला बैंकले निर्धारितभन्दा ब्याजदर बढाएपछि व्यवसायी थप आक्रान्त बनेका छन् ।

मकवानपुर जिल्ला औद्योगिक जिल्ला हो । यहाँ सञ्चालन भइरहेका उद्योगहरु व्यापार नभएका कारण आधा समयमात्र सञ्चालन हुने अवस्था आइरहेको छ । वाणिज्य क्षेत्रका व्यवसाय पनि धिमा गतिमा चलिरहेको छ । यस्तो अवस्थामा झन् बैंक ब्याज बढेर व्यवसायीहरु चपेटामा परेका हुन् । निजी क्षेत्रका व्यवसायीहरुको छाता संस्था मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ मकवानपुर, मकवानपुर निर्माण व्यवसायी संघ, नारायणी यातायात व्यवसायी संघलगायत संघसंस्थाको अगुवाईमा बैंकब्याज चर्किएको बिरोधमा चरणबद्ध आन्दोलन घोषणा गरेर सडकमा उत्रिएका छन् । पक्कै पनि यो अवस्था आउनु आफैंमा ठीक होइन । बैंकले लगानी गरेर व्यवसायीले पनि केही आर्जन गर्ने वातावरण बन्नुपर्छ ।

व्यवसाय राम्रो सञ्चालन हुने वातावरण बनाएर सहज ढंगबाट बैंकको किस्ता असुल गर्नु बैंकको पनि कर्तव्य हो । आफूले प्रवाह गरेर ऋणबाट कुनैपनि व्यवसायी टाट पल्टियोस् भन्दा पनि सप्रियोस् भन्ने नै हुनुपर्ने हो । तर, आर्थिक मन्दीका कारण व्यवसाय राम्रो नहुँदा झन् ब्याज बढाएर व्यवसायीको ढाड सेक्ने बैंकको कार्य किमार्थ राम्रो होइन । बैंकले ऋण प्रवाह नगर्दा बजारमा तरलताको अभाव छ । यसबीचमा बैंकहरुले भने राम्रो मुनाफा आर्जन गरिरहेकै छन् । तर, व्यवसायीहरु भने किस्ता तिर्न नसकेर छट्पटिइरहेका छन् । यस्तो अवस्थाबाट छुट्कारा दिलाउनु राज्यको दायित्व हो । आर्थिक मन्दीको कारण पत्ता लगाएर त्यसको सही निराकरण गर्नु सरकारले तदारुकता दिनु पर्दछ । यससंगै बैंकको ब्याजलाई पुनर्बिचार गरेर समयअनुसार घटाएर लागू गर्न राष्ट्रबैंकले सक्रियता देखाउनुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २० गते बुधबार ४ जनवरी २०२३ । त्रयोदशी पौस शुक्लपक्ष। पोहेलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्य सिद्धिमा विलम्ब | **तुला** | : व्यवसायमा विवाद |
| **वृष** | : परिवारमा कलह | **वृश्चिक** | : मानसिक अशान्ति |
| **मिथुन** | : यात्रामा बाधा | **धनु** | : कार्यमा ढिलाइ |
| **कर्कट** | : काममा सफलता हात पर्ने | **मकर** | : मांगलिक कार्य सम्पादन |
| **सिंह** | : अपजस पाइने | **कुम्भ** | : उपचारमा खर्च बढ्ने |
| **कन्या** | : बौद्धिक कार्यमा वाधा | **मीन** | : मानमर्यादाको वृद्धि |

# माओवादीलाई साख जोगाउने अन्तिम अवसर



डम्बर खतिवडा



राजनीति सम्भावनै सम्भावनाको खेल हो भन्ने आफ्नो बहुचर्चित भनाइलाई पुन:पुष्टि गर्दै नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तेस्रो पटक नेपालको ४४ औं प्रधानमन्त्री बन्न सफल भएका छन् । भर्खरै सम्पन्न विश्वकप फुटबलको फाइनल खेललाई नै माथ दिने गरी नेपाली राजनीतिको रङ्गमञ्चमा रोमाञ्चक परिघटना बन्न पुग्यो पुस १० गते । त्यो दिन यू टर्न हुँदै प्रचण्ड देउवालाई गुडबाई गर्दै केपी ओलीको झोली समाउन पुगे।

नेपालका राजनीतिक दलहरूले चालेका पछिल्ला आकस्मिक कदमले राजनीतिमा नयाँ तरङ्ग सिर्जना गरेको छ । दुई दुई पटक प्रतिनिधिसभा विघटन गर्ने केपी शर्मा ओलीको कदमलाई प्रतिगमन करार गर्दै 'संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन!' भन्ने राजनीतिक नारासहित बनेको थियो ५ दलीय वाम-लोकतान्त्रिक गठबन्धन । यस गठबन्धनले निर्वाचनको परिणाम सार्वजनिक भएपछि आपसी सहमतिमा सरकार गठन गर्न नसक्दा नयाँ गठबन्धनको उदय हुन पुग्यो ।

जनताका बिचमा गरेका प्रतिबद्धताअनुसार भोट हालेको मसी सुक्न नपाउँदै वाम-लोकतान्त्रिक गठबन्धन किन अगाडि बढ्न सकेन ? गठबन्धन टुट्नुमा मुख्य जिम्मेवार को थियो ? र, नयाँ बनेको बहुरंङ्गी गठबन्धनको भविष्य के होला ? यी यावत प्रश्नले नेपाली राजनीतिक बजार तातेको छ ।प्राय:को अभिव्यक्त प्रतिक्रियाहरूको आँखी-झ्यालबाट चिहाउँदा ५ दलीय वाम-लोकतान्त्रिक गठबन्धनको नेतृत्व गरेको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अदूरदर्शिता देखियो । पहिलो चरणमै जसरी पनि प्रधानमन्त्री बन्ने देउवाको लालसाले गर्दा नै वाम-लोकतान्त्रिक गठबन्धन भत्किएको मात्रै नभई नेपाली कांग्रेस पार्टीले नै ठुलो क्षति व्यहोर्नुपरेको हो ।

यस प्रक्रियामा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको कुनै कमजोरी नभएको कांग्रेसकै नेताकार्यकर्ताका साथै आमजनताको स्पष्ट बुझाई देखिन्छ । नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) ले एकअर्कालाई कुनै पनि हालतमा समर्थन गर्ने अवस्था नहुँदा अर्को कुनै दल या गठबन्धनले बहुमत सिद्ध गरी प्रधानमन्त्री दाबी गर्न नसक्ने आकलन थियो देउवाको। यसरी संविधानको धारा ७६ को उपधारा (२) बमोजिम राष्ट्रपतिले आह्वान गरेको सरकार गठनको समयसीमा योजनाबद्ध कटाउने र संविधानको धारा ७६ को उपधारा (३) बमोजिम संसद्को ठुलो दलको संसदीय दलको नेताको हैसियतमा आफू प्रधानमन्त्री बन्ने षड्यन्त्र रचेका देउवा अन्तमा आफ्नै षड्यन्त्रको सिकार बन्न पुगे ।

निर्वाचनपछि पहिलो कार्यकाल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारको नेतृत्व गर्ने, राष्ट्रपति, सभामुख, मुख्यमन्त्री लगायतका राजकीय पदहरू शक्ति सन्तुलनका आधारमा आपसी समझदारीले टुङ्ग्याउने विषयमा गठबन्धन दलका शीर्ष नेतृत्वका बिचमा पूर्ववत् भद्र सहमति भएको थियो । तर नेपाली कांग्रेसको नेतृत्व ईमान्दार नबन्दा नेपालको राजनीतिले नयाँ मोड लिएको तथ्य घाम जत्तिकै छर्लङ्ग छ ।

इतिहास साक्षी छ कि २०६४ को निर्वाचनपछि नेकपा (माओवादी) देशको ठुलो पार्टी बन्दा पलाएको दम्भले नेपाली काँग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति स्वीकार नगर्दा जुन क्षति व्यहोर्नुपरेको थियो, आज ठिक त्यही परिस्थितिमा नेपाली काँग्रेसको वर्तमान नेतृत्वले ठुलो पार्टी भएको दम्भ देखाउँदा व्यहोर्नुपर्ने क्षतिको इतिहासले समीक्षा गर्ने नै छ ।

संसद विघटन र नेकपा विभाजनपछि एकअर्काका कटु आलोचक बनेका पुष्पकमल दाहाल र केपी शर्मा ओलीको अप्रत्याशित पुनर्मिलनलाई कतिपयले आश्चर्यजनक रूपमा लिएता पनि यो स्वाभाविक र अपेक्षाकृत नै थियो । प्रचण्ड नेतृत्वको सरकार र गठबन्धनका अगाडि जीर्ण बनेको देशको अर्थतन्त्रलाई नयाँ जीवन दिँदै नेपाली जनताले खोजेको सुशासन सहितको विकास र समृद्धिको सपनालाई साकार रूप दिनुको अर्को विकल्प छैन ।''राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र हुँदैन!'' भन्ने बडो कुशलतापूर्वक नेपाली राजनीतिमा प्रयोग गरेका नेता प्रचण्डको गतिशीलता र गुमेको सत्तामा पुनरागमनको मौका कुरिरहेका ओलीको आत्मबोध सहितको चातुर्यताले यो गठबन्धन सम्भव भएको हो ।

यो नयाँ गठबन्धन बन्दै गर्दा सैद्धान्तिक एकत्वको धरातलमा स्पष्ट राजनीतिक उद्देश्य बोकेर बलियो कम्युनिष्ट केन्द्र बनाउने पवित्र चाहनाले गठन भएको नेकपा विभाजनको वियोगान्त कथाले आहात बनेका तमाम नेता कार्यकर्ताहरुमा आशाको सञ्चार भएको छ । यसलाई नेता, कार्यकर्ताले टुटेको नेकपाको कडीलाई जोड्ने बिन्दुको रूपमा लिएका छन् । आशा छ कि नेताहरुले कार्यकर्ताको मनोभावना बुझ्दै विगतलाई बिर्सेर बृहत कम्युनिष्ट ध्रुवीकरणको अवसरको रूपमा यसलाई सदुपयोग गर्ने नै छन् ।

हालको गठबन्धन आबद्ध अन्य दलका राजनीतिक पृष्ठभूमि हेर्दा के साँच्चै यो गठबन्धन चुनौतीपूर्ण अवस्थामा रहेको देश र जनताका समस्य हल गर्दै अगाडि बढ्ला त ? भन्ने आशंका व्याप्त छ, जो स्वाभाविक छ । गठबन्धन आबद्ध देशको नेतृत्व गरिरहेका स्थापित राजनैतिक दलहरूलाई सत्तोसराप गर्दै 'नो नट अगेन'को अभियान चलाएको थियो राष्ट्रिय स्वतन्त्र पार्टीले । उत्तरआधुनिकतावादी चिन्तनबाट ग्रसित, राजनीति फोहोरी खेल हो भन्ने विभ्रमले दीक्षित नयाँ पुस्ताको ठुला राजनीतिक दलहरुप्रतिको आवेग, आक्रोश र प्रतिक्रियाको ईमोसनल बल्याकमेलमार्फत् शक्ति आर्जन गरेको थियो उसले । कुनै स्पष्ट राजनैतिक विचारधारा, कार्यदिशा र पृष्ठभूमि नभएको, पछिल्लो राजनीतिक प्रणालीको वाई प्रडक्टको रूपमा उदाएको हो राष्ट्रिय स्वतन्त्र पार्टी । निर्वाचनलगत्तै जनताले प्रतिपक्षमा बस्ने जनादेश दिएका छन् भनेर फलाके यसका अध्यक्ष रविन्द्र लामिछानेले । तर सत्तामोह त्याग्न सकेनन् । त्यस्तै, संवैधानिक राजतन्त्र र हिन्दू राज्यको प्रतिगामी राजनीतिक एजेण्डा बोकेको राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रचण्ड नेतृत्वको सरकारलाई गरेको समर्थनलाई देश दुनियाँले बडो उत्सुकताका साथ हेरिरहेको छ । विचित्रको देखिने यो सप्तरंगी गठबन्धन सफलतापूर्वक अगाडि बढ्छ या निश्चित राजनैतिक उद्देश्य बोकेर बनेका पूर्ववर्ती गठबन्धनहरू जस्तै बिच बाटोमै अलपत्र पर्ने हो, यसै भन्न सकिने अवस्था छैन । तथापि समयक्रममा आ-आफ्ना राजनीतिक दाउपेचको पदापर्णले स्पष्ट हुँदै जाला कि क-कसका के राजनीतिक अभीष्ट थिए र छन् ।

दुई पटक मुलुकको कार्यकारी भएर सफल नेतृत्व गरेको अनुभव, क्षमताहरूको पहिचानसहित जिम्मेवारी प्रदान गर्ने र स्वतन्त्रतापूर्वक काम गर्न दिने विशेषता, देश र जनताको समृद्धिमा ठोस योगदान दिने हुटहुटी छ पुष्पकमल दाहाल प्रचण्डमा । साथै, सबै पक्षलाई मिलाएर सँगै लान सक्ने परिपक्व गतिशील नेतृत्व क्षमताका कारण विगतको छोटो अवधिमा पनि ठोस परिणामसहित सफल प्रधानमन्त्रीको रूपमा आफूलाई दर्ज गरेका छन् उनले ।

त्यसैले, चुनौतीका पहाडहरू पन्छाएर सफलताको सिँढी चढ्दै प्रचण्डले इतिहास रच्नेमा आम जनता आशावादी देखिन्छन् । यो उनको मात्रै होइन कि स्थापित ठुला राजनैतिक दलहरूलाई जनताको बिचमा आफ्नो विश्वास र साख जोगाउने अन्तिम अवसर हो । त्यस्तै, नयाँ उदाएका दलहरूलाई आफ्नो अस्तित्व जोगाउन जनताका बिचमा गरेका प्रतिबद्धताहरु पूरा नगरी नहुने बाध्यात्मक अवस्था हो । अब उपरान्त जनताको बिचमा कोही कसैको कुनै पनि प्रकारको बहानाको गुञ्जायस छैन । तसर्थ, प्रचण्ड नेतृत्वको सरकार र गठबन्धनका अगाडि जीर्ण बनेको देशको अर्थतन्त्रलाई नयाँ जीवन दिँदै नेपाली जनताले खोजेको सुशासन सहितको विकास र समृद्धिको सपनालाई साकार रूप दिनुको अर्को विकल्प छैन । अन्यथा, कोही व्यक्ति वा पार्टी मात्रै होइन कि व्यवस्था नै असफल सिद्ध हुने खतरा छ, जसको परिणाम भयावह हुनेछ । साथै, संगठनमा निरन्तर कमजोर माओवादीको साख जोगाउने यो अन्तिम अवसर पनि हो ।

*साभार: रातोपाटी*

# 'अर्थमन्त्रीले नै लत्तो छाडेपछि कसैले सम्हाल्न सक्दैन'

रामेश्वर खनाल

केही विलासी वस्तुहरूको आयातमा लगाइएको बन्देजका कारण भन्सार घटेको देखिन्छ । सवारी साधन, मोबाइललगायतका सामानलाई अलग गरेर हेर्ने हो भने भन्सारमा कति चुहावट भएछ भन्ने स्पष्टै देखिन्छ । मुलुकभित्र बढ्दो आयातका कारण वैदेशिक मुद्राको सञ्चिति घट्छ । जुन हिसाबले मुलुकमा वैदेशिक मुद्रा घटेको छ, त्यसका आधारमा मुलुकमा आयातको अनुपात घटेको छैन भन्न सकिन्छ ।पछिल्ला केही महिनामा भन्सारहरूबाट न्यून विजकीकरणमार्फत सामान भित्रियो । भन्सारको आधारभूत कोड समेत नबुझेका कार्यालय प्रमुखले व्यवस्थापन गरेका कारणले मातहतका कर्मचारीहरूमा वितृष्णा छ । 'हाकिमहरूले नै केही बुझेका छैनन् भने मैले किन मिहिनेत गर्ने ?' भन्ने भावना बढ्दो छ । भन्सार का केही कर्मचारीहरूले खुलेर यो कुरा गर्छन् ।

अर्थमन्त्री जनार्दन शर्माले राजस्व र भन्सार प्रशासनको परम्परागत प्रणाली भत्काउँछु भनेर राजस्व र भन्सार प्रशासन बाहिरका कर्मचारी लिएर आउनुभयो । भन्सारको आधारभूत ज्ञान नभएका मानिस भन्सार कार्यालयको नेतृत्वमा पुगे । त्यसो हुँदा कुनै सामानको एउटा कोड हाल्नुपर्नेमा अर्को हाल्दा पनि भन्सारको दर तल-माथि पर्छ ।भन्सार र राजस्व प्रशासनभित्रका कर्मचारीहरूलाई परिचालन गर्दा उनीहरूबाट सहयोग नहोला भन्ने चिन्ता देखियो । बाहिरका जनशक्तिलाई लिएर आउँदा उनीहरूलाई निगाह गरेजस्तो देखिने भयो र अनुकूलको काम गरे । भन्सार प्रशासन नबुझेका कर्मचारी भित्र्याएर प्रणाली भत्काउने अनि तिनैबाट अतिरिक्त अपेक्षा गर्ने परिपाटी भयो । कतिपय वस्तु आयातमा प्रतिबन्ध भएकाले कम भन्सार उठेको विषयलाई 'मुद्दा' बनाइएन । तर आयात भएको सामानको मूल्य हेर्दा जति भन्सार उठ्नुपर्ने हो, नउठेको स्पष्टै देखिन्छ ।

### *किन घट्दो छ राजस्व ?*

आर्थिक वर्ष २०७८/७९ को फागुन-चैतदेखि भन्सार राजस्व घट्न लागेको हो । अर्थ मन्त्रालयको नेतृत्वले फागुन-चैतसम्म भन्सार प्रशासनका अनुभवी र राम्रा मानिसलाई बाहिर पठायो । बाहिर रहेका र कम क्षमतावानहरूलाई भित्र्यायो । करिब ११ महिनाको यो अवधिमा भन्सारमा चोरी-पैठारी तीव्र भयो । अहिले तीन तरिकाबाट चुहावट भएको बुझ्न सकिन्छ । पहिलो, व्यापारी र उनीहरूको संलग्नतामा परिचालित व्यक्तिहरूले भन्सार छलेर सामान ओसारेका छन् । त्यसबापत स्थानीय र माथिल्लो तहमा कुनै लेनदेन भएको होला । दोस्रो, न्यून विजकीकरणमार्फत राजस्व चुहावट भइरहेको छ । यथार्थभन्दा कम मूल्य देखाएर भन्सारबाटै चोरी-पैठारी भइरहेको छ ।भन्सार चुहावटको तेस्रो तरिका पनि प्रयोग भइरहेको छ । एउटा सामान ल्याउने तर अर्कै सामान ल्याएको कागजात तयार गर्ने परिपाटी पनि छ । हाकिमहरू नै मिलेमतोमा लागेपछि कतिपय कर्मचारीहरूले पनि सही काम गर्न र चुहावटमा 'क्रस चेक' गर्न सकेनन् । भन्सारबाट गहुँ भनेर छुटाइएको ट्रक धादिङमा नियन्त्रणमा लिएर हेर्दा रासायनिक मल भेटिएको छ ।

### *कर्मचारीतन्त्रमाथि हस्तक्षेप*

भन्सार चुहावटले व्यापकता पाउनुअघि प्राय: ठाउँमा भन्सार प्रशासनमा अनुभव नभएका कर्मचारी परिचालन भए । गोदाममा कुन सामान छ ? प्रज्ञापनपत्रमा कुन सामान ल्याएको भनिएको छ र गोदामबाट कुन सामान छुटेको छ भन्नेबारेमा उनीहरूले हेर्न सकेनन् । प्रज्ञापनपत्रमै कम परिमाण देखाएर बढी सामान छुटाइयो ।तथ्यांकले समेत गत फागुनपछि भन्सार राजस्व घटेको देखिन्छ । त्यतिबेलादेखि साँठगाँठमार्फत नै भन्सारमा कर्मचारी परिचालन भएका छन् । यस्तो क्रियाकलाप देखेका अर्थसचिवले रोक्नुपर्ने हो । अर्थसचिव मधुकुमार मरासिनीले त्यसरी रोक्नुभएन । जब बुझ्नुभयो, ढिलाइ भइसकेको थियो, उहाँले चाहेर पनि सक्नुभएन । कर्मचारीतन्त्रमा व्यापक हस्तक्षेप भएपछि अर्थसचिवको सफलतामा समेत प्रश्नचिफन खडा भयो, अति नै भएपछि उहाँ बिदा लिएर हिंडिदिनुभएको हो । राजस्व सचिव कृष्णहरि पुष्कर त यथावत् हुनुहुन्छ ।

### *निर्वाचनअघिको अर्थ संकलन*

निर्वाचनका मुखमा केही ठूला अनियमितता हुने घटना यसपटक पनि दोहोरिए । सरकारले आफैं बनाउने निजगढ विमानस्थलका बारेमा प्रस्ताव तयार थियो, केही सीमित व्यक्तिको प्रभावमा मन्त्रिपरिषदबाट पब्लिक प्राइभेट पार्टनरसिप -पीपीपी- मा बनाउने भनी निर्णय भएर लगानी बोर्डमा गएको छ । त्यो परियोजनालाई लगानी बोर्डमा पठाउन सुरुदेखि चलखेल भएको छ । नेपालमा बिचौलियाहरूले कुनै काम गराउन सुरुमै खर्च गर्ने प्रवृत्ति नौलो होइन । फेरि अर्को कुरा, चुनावको मुखमा अप्रत्यासित रूपमा यस्तो निर्णय भएको थियो ।

लघु बीमा र पुनर्बीमाको अनुमतिपत्रका क्रममा यो पटक होइन, अघिल्लो सरकारको पालादेखि नै निर्णय भएको छ । ब्रोकर लाइसेन्स अर्को उदाहरण हो । चुनावकै बेलामा पश्चिम सेती जलविद्युत् परियोजना बारेको निर्णय भयो । २०४८ सालदेखि होल्ड भएर रहेको परियोजना निर्वाचन अघि निर्णय भएको छ । पम्फा भुसाल (ऊर्जामन्त्री) जस्तो व्यक्तिले समेत पश्चिम सेती समेत भारतलाई दिने निर्णयमा सहमति जनाउनुभयो । कुनै समय उहाँ लगायतले नेपालको लगानीमा त्यो परियोजना बनाउनुपर्छ भनेर निकै वकालत गर्नुभएको म सम्झन्छु ।

### *अदृश्य पात्रहरूको सक्रियता*

अदृश्य पात्रहरूलाई दृश्यमा ल्याएर दोषी ठहऱ्याउन निकै गाह्रो हुन्छ । नक्कली भ्याट बिल प्रकरणमा त्यस्ता बिल प्रयोग गर्न सिकाउने अरू कोही नभएर वहालवाला र कतिपय अवकाशप्राप्त कर्मचारी नै थिए । केहीले विभिन्न बहानामा त्यस्ता कम्पनीहरूबाट लाभ लिएको भेटिएको थियो । त्यतिबेला अनुसन्धानमा संलग्न कर्मचारीहरूलाई पनि थाहा थियो । उनीहरूलाई दृश्यमा ल्याएर छानबिन गर्न र कारबाही गर्न सम्भव थिएन, किनभने यस्ता घटनामा संलग्न भएको कुनै प्रमाण थिएन । आन्तरिक राजस्व विभागको एक उच्च अधिकारी त्यसमा संलग्न भेटिए पनि हामीले कुनै कारबाही गर्न सकेनौं । कतिपय नाम चलेका व्यक्तिहरू नै गुप्त रूपमा यस्ता क्रियाकलापमा संलग्न थिए । व्यवसायीले मात्रै नक्कली बिल बनाउन सम्भव थिएन । दुई/तीन वर्षअघि यथार्थ कारोबार नै देखाएर कर छल्ने पद्धति मौलाएको थियो ।

### *राजनीतिज्ञकै भूमिकामा प्रश्न*

राजनीतिज्ञले खराब कामका लागि दबाब दिएपछि निकै कम कर्मचारीमा मात्रै असल कुरामा अडान लिएर बस्न सक्ने हिम्मत हुँदोरहेछ । त्यसका लागि कि त मैले जस्तो राजिनामा दिएर हिंड्नुपऱ्यो कि मधु मरासिनीले झैं "म त सक्दिनँ है" भनेर बिदा बस्नुपऱ्यो । उहाँका केही कमी-कमजोरी होलान्, तर आर्थिक मामिलामा दाग लागेको मान्छे हैन । तर अरू टिम त्यस्तै लम्पट भएपछि उहाँलाई पनि गाह्रो हुनु स्वाभाविकै हो ।कर र राजस्व सम्बन्धी कतिपय निर्णय बाहिर हेर्दा राम्रो देखिन्छ । त्यस्ता निर्णय राज्यको हित अनुकूल पनि होलान् । त्यसमा समेत राजनीतिज्ञले समेत लाभ लिएमा इमानदार कर्मचारीहरू टिमबाट बाहिरिन खोज्छन् । म अर्थसचिव हुँदा इँटा उद्योगहरूलाई भ्याट छुट दिने निर्णय सही नियतले भएको थियो, तर त्यसैमा टेकेर राजनीतिक नेतृत्वले लाभ लिएको भनी त्यतिबेला पत्रपत्रिकाले किटानी नै गरेका थिए । मन्त्रालय सम्हालेका राजनीतिज्ञहरूले 'यो विषय कारबाहीयोग्य हो, तपाईंहरू दायाँबायाँ नगर्नुहोस् भनेर बोलिदिने हो भने कसैले गडबड गर्ने हिम्मत गर्दैन ।डा.बाबुराम भट्टराई गणतन्त्रपछिको सरकारको अर्थमन्त्री हुनुहुन्थ्यो, उहाँलाई प्रशासनभित्रको चरित्र खासै थाहा थिएन । उहाँ सफल अर्थमन्त्री भएर निस्कनुभयो । उहाँ आएपछि मैले 'आसेपासे र स्वार्थ समूहको लहैलहैमा लागेर राजस्व प्रशासनमा हस्तक्षेप र स्वार्थपूर्तिका काम गर्नुभएन भने तपाईं सफल अर्थमन्त्री बन्नुहुन्छ' भनेको थिएँ । 'तपाईं कठोर हुनुभयो भने प्रणालीका मानिसहरूले घूस खाने हिम्मत गर्दैनन् भनेको थिएँ । उहाँ अर्थमन्त्री भएको बेलामा वीरगञ्जमा दस्तुरी समेत लिएनन् ।

राजस्व छुट दिने क्रममा नियत महत्वपूर्ण हुन्छ । राज्य कोषमा कुनै न कुनै रूपमा हित होला भन्ने आशाका साथ यस्ता निर्णयहरू गरिन्छ । कतिपय अवस्थामा सही नियतले यस्ता काम भए पनि कुनै न कुनै तहले लाभ पाएको हुन सक्छ । कतिपय कर छुटका निर्णयहरू भने प्रारम्भिक दृष्टिकोणबाट नै गलत देखिन्छन् । अर्थमन्त्री युवराज खतिवडाको पालामा चकलेटमा भएको करछुट त्यसको उदाहरण हो । कर छुट दिंदा उहाँलाई थाहा भयो कि भएन उहाँले जान्ने कुरा हो, तर त्यसबाट खास वर्गलाई मात्रै लाभ भयो । कतिपय विषयको अन्तरनिहित उद्देश्य ठिकै हुनसक्छ । तर, त्यसका नाममा पर्दापछाडिको पात्रले कुनै लाभहानिका उद्देश्यबाट निर्णय गरेको/गराएको देखिन्छ ।

पार्टीले अर्थ मन्त्रालय चलाउने प्रयास गर्नु नौलो कुरा होइन । अर्थ मन्त्रालयमा एमालेको कर्मचारी संगठन पनि हावी थियो । हुँदाहुँदा मन्त्रीको पीए समेत बल्खुले तोक्ने प्रयास गर्थ्यो । एमाले सत्तामा आएका बेलामा बल्खुले नायवी शक्ति प्रयोग गरेको देखिन्थ्यो । पञ्चायतकालमा देखिने भूमिगत गिरोहपछि संसदीय कालखण्ड र अहिलेसम्म चर्चामा आइरहेको छ । डा. बाबुराम भट्टराई र सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बेलामा मनोमानी निर्णय भएनन् । पाण्डेको पालामा त पार्टीको हितमा काम नगरेको र कतिपय अवस्थामा हित विपरीतका निर्णय गरेको भनेर बल्खु निकै आक्रोशित थियो । तसर्थ अर्थमन्त्रीले अडान लिन सक्ने हो भने राजस्व र भन्सार प्रशासनमा गडबड हुँदैन ।

*साभार:अनलाइनखबर*

# सहिद स्मृति गोल्डकपबाट २१ लाख बचत

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/गत जेठ महिनामा भएको चौथो स्थानीय तह सहिद स्मृति गोल्डकप फुटबल प्रतियोगिताबाट २१ लाख रुपैयाँ बचत भएको छ ।

सोमबार पत्रकार सम्मेलन गर्दै आयोजक मकवानपुर जिल्ला फुटबल संघले प्रतियोगिताबाट २१ लाख ३६ हजार रुपैयाँ बचत भएको जनाएको हो । प्रतियोगिताका संयोजक प्रताप विष्टले कुल एक करोड ३१ लाख ५६ हजार रुपैयाँ आम्दानी भएको भन्दै प्रतियोगितामा एक करोड ९ लाख ६७ हजार रुपैयाँ खर्च भएको जानकारी दिए ।

संयोजक विष्टको अनुसार प्रतियोगिताको लागि मकवानपुरको स्थानीय तहहरुबाट करिव ६० लाख रुपैयाँ र बागमती प्रदेश खेलकुद विकास परिषद्बाट ४१ लाख ९१ हजार रुपैयाँ सहयोग प्राप्त भएको थियो ।

प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिकाले २४ लाख १६ हजार रुपैयाँ, ८ वटा गाउँपालिकाहरुबाट ३३ लाख ७० हजार रुपैयाँ सहयोग गरेको उनको भनाई छ ।

प्रतियोगिताको उत्कृष्ट खेलाडीका लागि ६ लाख ९८ हजार रुपैयाँ मूल्यको बुलेट मोटरसाइकल हेटौंडा स्कूल अफ म्यानेजमेन्टले प्रायोजन गरेको थियो । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा आयोजना गरिएको प्रतियोगितामा टिकटबाट मात्रै २२ लाख रुपैयाँ आम्दानी भएको बताइएको छ ।




प्रतियोगिता आयोजनाका क्रममा खेलाडी भत्ताका लागि ३३ लाख ३० हजार रुपैयाँ, पुरस्कारका लागि २८ लाख रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गरिएको छ । अतिथि सत्कारमा ७ लाख ८३ हजार रुपैयाँ, रेफ्री खर्च ६ लाख ९९ हजार रुपैयाँ, प्रचारप्रसारमा ५ लाख रुपैयाँ, खेलमैदान व्यवस्थापनमा ५ लाख ९४ हजार रुपैयाँ खर्च भएको बताइएको छ ।

कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय समिति सदस्य समेत रहनुभएका मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिका लामाले मकवानपुर जिल्लामा ए डिभिजन लिगका खेलहरु आयोजनाका लागि प्रयास भइरहेको बताए । फुटबलको विकासका लागि स्थानीय सरकारसँगको सहयोग र सहकार्यमा एन्फाले मकवानपुर जिल्लामा एकेडेमी नै सञ्चालन गर्ने तयारी गरिरहेको पनि अध्यक्ष लामाको भनाइ छ । पाँचौं संस्करणको गोल्डकप ए डिभिजन लिग फुटबल सुरु हुनु अघि फागुन पहिलो साता नै आयोजना गर्ने अध्यक्ष लामाले बताए ।

पत्रकार सम्मेलनमा मकवानपुर जिल्ला फुटबल संघले चौथो संस्करणको स्थानीय तह सहिद स्मृति गोल्डकप-२०७९ आयोजनाका क्रममा बचत भएको रकमबाट पिप्ले-क्याम्पा रंगशालाका लागि ५ लाख रुपैयाँ रकम सहयोग गर्ने भएको छ । आय-व्यय विवरण सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिताका संयोजक विष्टले पिप्ले-क्याम्पा रंगशालालाई ५ लाख रुपैयाँ सहयोग गर्ने जानकारी दिए ।

प्रतियोगिता आयोजना स्थलको विकासका लागि पनि केही लगानी गर्ने उद्देश्यले पहिले नै सहयोगको घोषणा गरिएको भन्दै विष्टले छिट्टै सहयोग रकम हस्तान्तरण गरिने बताए ।

# दूधको मुल्यवृद्धि गर्न दुग्ध सहकारीको ऐक्यबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/दूधको उत्पादन लागत अनुसार मुल्यवृद्धि गर्न जिल्ला दुग्ध सहकारी संघले केन्द्रिय दुग्ध सहकारी संघसँग ऐक्यवद्धता जनाएको छ ।

केन्द्रिय दुग्ध सहकारी संघले गत १६ गते शनिबार प्रकाशन गरेको कच्चा दुग्धको मुल्य निर्धारण सम्बन्धी विषयमा सार्वजनिक गरेको प्रेस विज्ञप्ती प्रति मकवानपुर जिल्ला दुग्ध सहकारी संघले ऐक्यवद्धता जनाएको हो ।

किसानसँग दूधको मूल्य बढाएको नाममा केहि डेरी उद्योगले उपभोक्ता मूल्य समेत बढाउने निर्णय गरेकोमा संस्थागत मूल्य वृद्धि गर्ने कार्यको विश्लेषण गर्दै सरोकारवाला निकायको निर्णय अनुसार राष्ट्रिय दुग्ध विकास बोर्ड मार्फत यथासिघ्र समय सापेक्ष दूधको मूल्य वृद्धि हुनुपर्ने केन्द्रिय दुग्ध संघले माग गरेको थियो ।

मकवानपुरको जिल्ला दुग्ध सहकारी संघले पनि केन्द्रले गरेको मागमा एक्येवद्धता जनाउदै यथाशिघ्र दूधको उत्पादन लागत अनुसार मुल्यवृद्धि गर्न माग गरेको छ । साथै भावी दिनहरुमा हुने एक पक्षिय गतिविधिहरुलाई चिर्दै दुग्ध उत्पादक किसानको हितमा हुनेगरी सरोकारवालाहरुबिच एकतावद्ध भई कृषकहरुबाट उत्पादित दूधको उत्पादन लागत अनुसार चाँडो भन्दा चाँडो मुल्य बृद्धी गर्न गराउन समेत संघले जोडदार माग गरेको छ ।

डेरी उद्योगले मुल्य वृद्धि गर्दा फ्याट ४ र एसएनएफ ८ मा सहकारी संस्थालाई टिएस सहित प्रती लिटर १२ रुपैयाँ मूल्य वृद्धि गर्ने जनाएको थियो भने उपभोक्ता मुल्यमा प्रती लिटर १४ रुपैयाँ बढाउने निर्णय भएको बताएको थियो ।

हाल मकवानपुरका संस्थाहरुले सोही गुणस्तरमा उद्योगहरुबाट प्रति लिटर ६० रुपैयाँमा अतिरिक्त मूल्य थप ४ गरि ६४ रुपैयाँ प्राप्त गरिरहेका छन् । सो मूल्य समेत समायोजन गर्दा प्रती लिटर १२ रुपैयाँ मूल्य वृद्धि गरिएको भनिए पनि प्रती लिटर ८ रुपैयाँ मात्र मूल्य वृद्धि हुने थियो । किसानहरूले पनि फ्याट ४ र एसएनएफ ८ मा प्रती लिटर ६० रुपैयाँ प्राप्त गरिरहेका छन् ।

# पिप्ले रंगशालामा आजदेखि भेट्रान्स फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/हेटौंडामा आज मंगलबारदेखि आठौं राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता सुरु हुने भएको छ । हेटौंडा भेट्रान्स क्लबको आयोजनामा २३ पुससम्म हेटौंडा-५, पिप्लेस्थित पिप्लेक्याम्पा रंगशालामा प्रतियोगिता सुरु हुन लागेको हो ।

प्रतियोगिताको पहिलो खेल आज १० बजे हुने भएको छ । पहिलो खेलमा हेटौंडाकै पशुपति भेट्रान्स र सिमरा भेट्रान्स बाराबीच हुने भएको हो । दोस्रो खेलमा पूर्वी चितवन भेट्रान्स र जोरपाटी भेट्रान्स काठमाडौं तथा तेस्रो खेलमा १ बजे हेटौंडा भेट्रान्स क्लब र गोरखा भेट्रान्स सर्लाही तथा सोमबारको अन्तिम खेलमा चितवन भेट्रान्स एबिसी पोखराबीच प्रतिस्पर्धा हुने क्लबका महासचिव कविन सांगामीले जानकारी दिए । उनका अनुसार खेलहरु बिहानैदेखि सुरु भएपनि प्रतियोगिताको उद्घाटन भने १ बजे हुनेछ ।




प्रतियोगितामा मकवानपुर, चितवन, वीरगञ्ज, बारा, नवलपरासी, पोखरा, काठमाडौं र विराटनगरका क्लबहरु सहभागी हुने सांगामीले जानकारी दिए । प्रतियोगितामा पूर्वराष्ट्रिय खेलाडीहरुसमेत सहभागी हुने जनाइएको छ । प्रतियोगिताको विजेताले नगद १ लाख ११ हजार, उपविजेताले ५५ हजार ५ सय रुपैयाँ प्राप्त गर्ने आयोजक क्लबले जनाएको छ ।

प्रतियोगितामा म्यान अफ दी सिरिजलाई १५ हजार, उत्कृष्ट प्रशिक्षक, गोलकिपर, डिफेन्डर, मिडफिल्डर र फरवार्डलाई जनही ५ हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ । आयोजक क्लब अध्यक्ष रमेशकुमार उप्रेतीका अनुसार प्रतियोगितामा करिब १४ लाख ९६ हजार रुपैयाँ खर्च अनुमान गरिएको छ ।

प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिका, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, रोटरी क्लब, जेसीज, लायन्स क्लब तथा विभिन्न संघसंस्थाबाट सहयोग प्राप्त हुने आयोजकले विश्वास लिएको छ ।

# खुलामञ्चमा भूमिगत पार्किङ बनाउने बालेनको योजनामा उपमेयरको फरक मत

काठमाडौं/ खुलामञ्चमा भूमिगत पार्किङ बनाउने निर्णयको विरोधमा रहेको स्थानीय वासिन्दा र सम्पदाप्रेमीले सोमबार काठमाडौं महानगरपालिका कार्यालयबाहिर प्रदर्शन गरे ।

प्रदर्शनपछि ज्ञापनपत्र बुझाउन गएका उनीहरुले मेयर बालेन्द्र (बालेन) शाहलाई भेट्न पाएनन् । उपमेयर सुनीता डंगोललाई भेटेर ज्ञापनपत्र बुझाए । ज्ञापनपत्र बुझ्दै उनले अभियन्ताहरुसँग भनिन् 'जनतासँग छलफल खुल्लामञ्चबारे कुनै निर्णय हुँदैन ।'

काठमाडौं महानगरपालिकाको नगर कार्यपालिका बैठकले खुलामञ्चमा भूमिगत पार्किङ बनाउन विस्तृत परियोजना प्रतिवेदन तयार पार्न नगर विकास कोषलाई जिम्मा दिने निर्णय गरेको थियो । तर उपत्यकाको मुटुमा रहेको टुँडिखेलको खुला क्षेत्र मास्न नहुने भन्दै स्थानीय वासिन्दा र संरक्षणकर्मीहरु विरोधमा छन् ।

विगतदेखि नै अकुपाई टुँडिखेल नाममा टुँडिखेल संरक्षणको आवाज उठाउँदै आएको समूहले सोमबार महानगरपालिकालाई ज्ञापनपत्र बुझाउन गएको थियो ।

अभियन्ताहरुका अनुसार मेयर बालेनले माघको पहिलो सातासम्म आफूलाई फुर्सद नभएको भन्दै भेट्न अस्वीकार गरेका थिए । अभियन्ता आलोक मानन्धर खुल्लामञ्चको विषयमा बालेनले बेवास्ता गरेको बताउँछन् ।

'उहाँलाई जिताएर पठाएको हो तर उहाँ के बन्न खोज्दै हुनुहुन्छ, थाहा छैन । कुरै नसुन्ने, छलफल नै नगर्ने पनि हुन्छ ? बारम्बार भेट्न खोज्दा बेवास्ता गरेपछि (आइतबार) मात्रै मेल रिप्लाई आयो त्यो पनि अहिले भेट्न नमिल्ने भन्दै ।'

उनले मेयर बालेनमा 'म राजा, तिमीहरु रैती' भन्ने प्रवृत्ति देखिएको बताए । महानगर जबरजस्ती अगाडि बढे थप आन्दोलनको कार्यक्रम तय गर्नुपर्ने मानन्धरले बताए ।

'अकुपाइ टुँडिखेल' अभियानका प्रवक्ता सञ्जय अधिकारीले मेयर बालेन जनप्रतिनिधि बन्न छोडेर शासक बन्न खोजिरहेको आरोप लगाए । 'रक्षक हुन छोडेर भक्षक हुन खोज्नुहुन्छ भने उहाँहरुलाई हामीले सर्वोच्च अदालतमा फेस गर्ने हो । यदि महानगरले जनताको कुरा सुनेन भने हाम्रो अभियान आन्दोलनको रुपमा परिणत हुनसक्छ' उनले भने ।




अधिकारीका अनुसार स्थानीयवासिन्दा र संरक्षणकर्मीसँग मेयर पन्छिरहेका छन् । तर उपमेयरले भने केही हदसम्म कुरा सुनेको उनले बताए ।

'मेयरबाट केही सुनुवाइ भएन तर कम्तीमा उपमेयरले त सुन्नुभयो । अघिल्लो चोटीको मेयर जसरी ५ वर्ष जनतासँग भागेर हिँड्नुभएको थियो, बालेन पनि यही बाटो हिँड्न थाल्नुभएको छ । उहाँ बेलैमा सुध्रिनुपर्छ', अधिकारीले भने ।

उपमेयर सुनीता डंगोलले भने खुलामञ्चमा पार्किङ नबनाउन माग गर्दै आएको टोलीको कुरा सुनिन् । र सार्वजनिक जग्गा संरक्षण गर्नुपर्ने कुरामा विमति नरहेको भन्दै उनीहरूलाई आस्वस्त पार्न खोजिन् ।

बृहत छलफल नगरी खुलामञ्चमा पार्किङ नबनाउने पनि बताइन् । 'पहिलो प्राथमिकता भनेको (पार्किङ) आवश्यकता हो कि होइन, भन्ने हो । वरिपरि भएका पार्किङले सम्बोधन गर्छ भने नयाँ सरचना बनाउनै पर्दैन', उनले भनिन्, 'लोकतान्त्रिक पद्धतिमा सबैभन्दा माथि जनता हो । जनतासँग परामर्शविना कुनै काम महानगरले गर्दैन ।'

उनले खुल्लामञ्चमा पार्किङ बन्ने विषय अध्ययनकै क्रममा रहेको भन्दै जनभावना विपरीत कदम नचाल्ने बताइन् ।

**नरोकिने मुडमा बालेन**

उपमेयर डंगोलले सोमबार अभियन्ताहरुसँग व्यक्त गरेको धारणा र मेयर बालेन्द्र साह (बालेन) को तयारी आपसमा विपरीत छ । बालेनको सचिवालय अनुसार खुल्लामञ्चमा पार्किङ बनाउन वातावरणीय पक्षबाट उचित हुने देखियो भने बालेन रोकिँदैनन् ।

बालेनका पूर्वाधार सल्लाहकार सुनील लम्साल भन्छन् 'महानगरले अहिले सम्भाव्यता अध्ययन गरिरहेको छ । त्यसपछि डीपीआर बनाउँछौं, समुदायसँग छलफल गर्छौं । अनि मात्रै निर्माणको काम अगाडि बढ्छ', उनले थपे ।

लम्साल अगाडि भन्छन्, 'मेयरज्यू वातावरणीय रुपमा असर नपर्ने भएमा खुल्लामञ्चमा अन्डरग्राउण्ड पार्किङ बनाउन सकारात्मक हुनुहुन्छ । यसको धेरै फाइदा छ, केही घाटा पनि छ ।'

लम्सालले खुल्लामञ्चमा पार्किङ बनाउन सकेमा न्यूरोड, असनलगायतका भित्री शहरमा सवारी निषेध गरेर साँस्कृतिक र व्यापारिक क्रियाकलाप बढाउन सकिने तर्क गरे ।

'खुल्लामञ्चमा वातावरणीय असरबारे नगर विकास कोषसँग समन्वय गरेर महानगरले अध्ययन गरिरहेको छ । प्रतिवेदनले पानी संकलन, भूअध्ययन जस्ता कुराले उपयुक्त देखाए अण्डरग्राउण्ड पार्किङ अगाडि बढ्छ । तर त्यसअघि समुदायसँग छलफल पक्कै गरिन्छ', उनले भने ।

**बन्न नदिने अडान**

टुँडिखेल संरक्षणका लागि अभियान चलाइरहेका अभियन्ताहरु भने खुलामञ्च मास्न नदिने पक्षमा छन् । कांग्रेस नेता तथा पूर्वसांसद भीमसेनदास प्रधान टुडिँखेल र खुल्लामञ्च भूमिगत पानीको 'रिजार्ज सेन्टर' भएकोले मास्न नहुने बताए ।

'वरिपरि सबैतिर पार्किङ हुँदा फेरि त्यहीं किन चाहियो ? काठमाडौंको जनभावाना नसमेट्ने हो भने मेयर, उपमेयरको केही हैसियत हुदैन', उनले भने, 'जनताको कुरा सुन्न पर्छ, बरु अझै नयाँ खुलापार्क बनाउनुपर्छ । टुँडिखेलभित्र कुनैपनि हालतमा पार्किङ हुनुहुँदैन ।'

(अनलाइखबरबाट)

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सडक विस्तारको चपेटामा शहर :

# नारायणगढपछि हेटौंडाको पालो

काठमाडौं/सडक विस्तार गर्नका लागि राजमार्गको सीमा क्षेत्र अतिक्रमण गरेर बनाइएका चितवनको नारायणगढ बजारका घर तथा स्थायी संरचनामा अहिले डोजर चलिरहेको छ । सडक विभागको यो कदमपछि नारायणगढको मूल बजार क्षेत्र नै खण्डहर बनेको दृश्यले हेटौंडा बजारको राजमार्गको सीमाभित्रका घरधनी डराएका छन् ।

सडक विभागका अनुसार सडक विस्तार गर्दा नारायणगढको मूल बजारले भोगेको चपेटा अब हेटौंडाले पनि भोग्नुपर्ने निश्चितजस्तै छ । अहिले विश्व बैंकको परामर्शदाताहरु हेटौंडा बजारमा सडक विस्तार गर्दा बजार क्षेत्रमा पर्ने असरबारे फिल्डमै पुगेर अध्ययन/विश्लेषण गरिरहेका छन् ।

परामर्शदाताले भत्किन सक्ने घर तथा संरचनाहरुको विवरण मात्रै संकलन गरिरहेको छैन, यसको सम्भाव्यता र असरबारे सरोबारवालासँग छलफल पनि गरिरहेको छ । गत हप्ता मात्रै जनप्रतिनिधिसँग समेत सडक विस्तारको आवश्यकता र त्यसको सम्भावित असर/प्रभावबारे सो टोलीले छलफल गरेको थियो ।

सरकारले ११ फागुन, २०२१ मा 'घोषित राजमार्ग'को सडकसीमा बारे सूचना प्रकाशित गर्दै २० असार २०३४ मा हेटौंडा क्षेत्रमा राष्ट्रिय राजमार्गको रेखाङ्कन टुंग्याएको थियो । जसअनुसार हेटौंडा बजार छिचोल्ने राजमार्गको केन्द्रविन्दुबाट दायाँ-बायाँ २५-२५ गज सडक सीमाभित्रका संरचना हटाउन कानुनी बाधा नपर्ने अवस्था छ ।

त्यसैकारण सडक विभाग आफ्नो अधिकार क्षेत्रभित्रको सडकलाई 'सहरी सडक'का रुपमा जान चाहिरहेको छैन । बजार जोगाउने विषयलाई धेरैले प्रतिष्ठाको विषय बनाएपनि सडक विभाग विगतमा सरकारको नाममा आइसकेको जग्गा स्थानीयलाई सधैंका लागि छाडिदिन तयार छैन ।

६ कात्तिक २०७६ मा सर्वोच्च अदालतले पनि हेटौंडा बजारको रेखाङ्कित राजमार्गको दायाँ-बायाँ १५० फिट (२५-२५ गज)भित्र राजमार्गको विस्तार गर्दा क्षतिपूर्ति दिनुनपर्ने गरी फैसला गरेको थियो । सर्वोच्च अदालतका न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र बमकुमार



श्रेष्ठको संयुक्त इजलासले २५-२५ मिटर (१८२ फिट) विस्तार गर्ने योजना भएमा २५-२५ गज र मिटर बीचमा फरक पर्ने क्षेत्र (दायाँबायाँ ७-७ फिट)भित्रका घर-इमारतको भने उचित क्षतिपूर्ति र मुआब्जा दिनुपर्ने सर्वोच्चको ठहर थियो ।

सडक विभागले हेटौंडामा सर्वोच्चको फैसला अनुरुप नै २५-२५ गज सीमाभित्रको संरचना हटाउने योजना बनाएको छ । २५-२५ मिटरमा जानुपरे सरकारले करिब ७-७ फिटभित्रको संरचना र जग्गाको मुआब्जा तथा क्षतिपूर्तिबारे भने विशेष निर्णय गर्नेछ ।

घरधनीहरुले लामो समयदेखि हेटौंडाको सडक विस्तार रोक्न माग गरिरहेका छन् । विशेषगरी बजार छलेर 'बाइपास' बनाउँदै नयाँ राजमार्ग विस्तार गर्न राजमार्गको सीमाभित्र पर्ने घर धनीहरुले जोड लागाइरहेका छन् ।

बाग्मती प्रदेश सरकारले समेत ६ फगुन २०७५ मा पूर्व-पश्चिम राजमार्गको बुद्धचोक-हेटौंडा अस्पताल सडकखण्ड र त्रिभुवन राजपथको कर्रा-सामुरीपुल खण्डलाई दायाँ-बायाँ १६-१६ मिटर कायम गर्न संघ सरकारलाई सिफारिस गरेको थियो । हेटौंडा बजार क्षेत्रको राजमार्ग खुम्च्याउने र राप्ती किनारमा बाइपास बनाएर सञ्चालन गर्ने निर्णय भएपछि सडक विभागले यसबारे अध्ययन नै गरेको थियो ।

राजमार्गमा पर्ने बजार जोगाउन हेटौंडाको रातोमाटेदेखि राप्ती पुलसम्म तीन किलोमिटर लामो बाइपास रोड बनाउनुपर्ने देखिएको थियो । तर, त्यसका लागि १५ अर्बभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको थियो । तर, नदी किनारबाट बनाउनुपर्ने भएकाले सो सडक बाढीको जोखमिबाट मुक्त नहुने अध्ययनमा देखिएको छ ।

सडक विभागका उपमहा निर्देशक तथा प्रवक्ता भीमार्जुन अधिकारी बाइपास बनाएर अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको राजमार्ग विस्तार गर्न सम्भव नदेखिएको बताउँछन् । 'हामीले बाइपास सडकको सम्भावनालाई हेरेका थियौं, तर नदी किनारबाट नयाँ राजमार्गको रुट कायम गर्न सम्भव नहुने ठहर भएको छ,' उनले भने, 'हेटौंडाको राजमार्ग पनि नारायणगढको जसैगरी विस्तार गर्नुपर्छ, हामी गर्छौं ।'

बजार क्षेत्रमा सडक मिचेर बनेका घरहरुको विवादमा लामो समयदेखि अन्योल छ । कतिपयले मुआब्जा बुझेपनि घर भत्काउन मानेका छैनन् भने कतिपयले मुआब्जा नै नबुझेको दावी गर्दै आएका छन् ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेशकुमार यादव पथलैया-हेटौंडा-भरतपुर खण्डलाई ४ लेनमा विस्तार गर्न विश्व बैंक इच्छुक देखिएको छ । यसमा लगानी गर्नेबारे विश्व बैंक अध्ययनमा छ ।

सो अध्ययनपछि विश्व बैंकसँग सो सडकखण्ड विस्तारका लागि ऋण सम्झौता हुन सक्ने र त्यसपछि सडक विस्तारको काम अघि बढ्ने छ । 'हामीले हेटौंडा बजारको राजमार्गको विकल्प भेटको छैनौं, खोज्दा पनि खोज्दैनौं,' उनले भने, 'बाइपास सडक बन्छ भने त्यो अर्कै परियोजना हो, हेटौंडाको राजमार्गले आफ्नो सीमा कायम गर्छ ।'

पछिल्लो समयमा हेटौंडामा आवादी बढ्दो छ, यसले गर्दा बजार भित्रै ट्राफिक जाम बढेको छ । यसले गर्दा हेडटौंमा छिटो सडक विस्तार गर्नुपर्ने माग बलियो छ ।

तर, यो विषय जहिल्यै राजनीतिक मुद्दा मात्रै बन्दै आएको छ । २०७४ कात्तिकको संसदीय चुनावअघि तत्कालीन ऊर्जामन्त्री रहेका कमल थापाले पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथको रुट परिर्वतन गरेर हेटौंडा बजार छल्ने निर्णय भएको प्रचार गरेका थिए ।

२०७३ को चैत महिनामा बजारका सडकका दुवैतर्फ २५/२५ मिटरमा रहेका भौतिक संरचना हटाउने गरी डोजर चलाउँदा आन्दोलन पनि भएको थियो । तर, वैशाख २०७४ स्थानीय चुनावसँगै सडक विस्तार रोकिएको थियो ।

डिभिजन सडक कार्यालय हेटौंडाले राजमार्ग विस्तार अघि बढाउने सूचना पनि निकालेको थियो । राजमार्गको २५ मिटरभित्रै पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको 'पेन्टागन हाउस'देखि उद्योगी/व्यवसायी अजयराज सुमार्गीको 'सुमार्गी कम्प्लेक्स' सम्मको घर पर्छ । बजार जोगाउनुपर्ने भन्दै व्यवसायी सुमार्गी आफैंले खर्च दिएर बाइपास सडक बनाउन सुरुवात गराएका थिए ।

हेटौंडाका चर्चित होटल सीमा, होटल लिडो-इन र रिजाल कम्प्लेक्स पनि २५ मिटरभित्रै छन् । हरेकपटक सडक विस्तार योजना अघि बढ्दा त्यसविरुद्धको आन्दोलनको नेतृत्व गर्ने मकवानपुर उद्योग वाणिज्य संघले गर्छ, किनकि उसको कार्यालय भवन पनि सडक मिचेर बनेको छ । आफ्नो करोडौंको सम्पत्ति गुमाउनु पर्ने भएकाले सडक विस्तार नगर्न दबाब दिने समूह पनि कम्ता बलियो छैन ।

डिभिजन प्रमुख यादव जस्तो दबाब भएपनि हेटौंडाको मेनरोड, बुद्धचोक हुँदै राप्तीरोड तर्फका सडक सीमा मिचेर बनेका संरचना भत्काउनैपर्ने बताउँछन् । यस्तो अवस्थामा राजमार्गको रुटभन्दा बाहिर पर्ने बसपार्क के हुन्छ त ? 'बसपार्क उपमहानगरपालिकाले बनाएको हो, त्यसको उपयोग कसरी गराउने भन्ने योजना उसैले बनाउँछ,' डिभिजन प्रमुख यादवले भने,'हामी राष्ट्रिय राजमार्गको रुट मात्रै चिन्छौं । त्यही हेरेर योजना बनाउँछौं ।'

(अनलाइखबरबाट)

“तपाई, हामी सबैको कुरा”

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

### जाँदाजाँदै कृषि मन्त्रीको दाबी:

# दूधमा अनुदान बढाउनेदेखि मल कारखाना खोल्ने बाटो तय

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/करिब डेढ वर्ष बागमती प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालयको नेतृत्व गरेका मन्त्री बसुन्धरा हुमागाई र राज्यमन्त्री इन्द्रमाया गुरुङले आफ्नो कार्यकालभित्र सम्पादन भएका कामहरुको विवरण सार्वजनिक गरेका छन् ।



४ मंसिरमा प्रदेशसभा निर्वाचन पश्चात प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएसँगै सरकारबाट बिदा हुन लागेको मन्त्रीहरु हुमागाई र गुरुङले सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै आफ्नो कार्यकालका भएका कार्य सम्पादन बारे जानकारी दिएका हुन् । कार्यक्रममा राज्यमन्त्री गुरुङ अनुपस्थित भए पनि मन्त्री हुमागाईले आफ्नो डेढ वर्षे कार्यकालमा गरेका कामहरु सावर्जनिक गरेका थिए । उनले आफ्नो नेतृत्वमा दुग्ध उत्पादक किसानलाई प्रोत्साहन गर्ने गरी दूधमा अनुदान वृद्धि गर्न भूमिका खेलेकोदेखि प्रदेशमै रसायनिक मल कारखाना सञ्चालन गर्ने बाटो तय गरेको दाबी गरेका छन् ।

मन्त्री हुमागाईले नियुक्त भएसँगै आधुनिकिकरण, व्यवसायीकरण, औद्योगीकरण, यान्त्रिकीकरण मार्फत प्रदेशको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन भन्दै ५५ बुँदे मार्गचित्र सार्वजनिक गरेका थिए । उनले दूध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिँदै प्रतिलिटर १ दशमलव ६ सय ३८ रुपैयाँका दरले २ सय ६० सहकारी संस्थाका कृषकहरुलाई १५ करोड ९९ लाख ५२ हजार ७ सय १४ रुपैयाँ रकम उपलब्ध गराइएको बताए । चालु आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा व्यवस्था भएअनुसार प्रतिलिटर बढीमा ५ रुपैयाँका दरले कृषकहरुलाई बैंक खाता मार्फत सोझै भुक्तानी गर्ने गरी ३० करोड बजेट बिनियोजन गरिएको मन्त्री हुमागाईले दाबी गरे ।

बागमती प्रदेशमा र ासायनिक मल कारखाना स्थापना गर्ने सम्बन्धमा काठमाडौं विश्व विद्यालय, धुलिखेलसँग २०७८ फागुन १९ गतेका दिन प्राविधिक परामर्श तथा छलफल कार्यक्रम गरिएको उनले जनाए । चालु आवमा उक्त विश्वविद्यालयसँगको सहकार्यमा रसायनिक मल उत्पादन र कारखाना स्थापना गर्न विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य भइरहेको हुमागाईले बताए । रुवीभ्यालीसहित मानव विकास सुचांकमा पछि परेका १० वटा गाउँपालिकामा आयआर्जनका लागि कृषि कार्यक्रम सञ्चालनका लागि १ करोड विनियोजन गरी सम्वन्धित स्थानीय तहमा बजेट पठाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको उनले बताए ।

कृषि क्षेत्रमा प्रवाह भइरहेको अनुदान कार्यलाई व्यवस्थित बनाउन बीउ पूँजी कोष कार्यक्रमको सुरुवात गरिएको र जसका लागि कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट आवेदन संकलन तथा मुल्यांकन कार्य भइरहेको मन्त्री हुमागाईले बताए । साथै उत्पादनमा आधारित अनुदानको दायरा विस्तार गरी प्याज र लसुनको प्रवर्द्धनका लागि दश क्विन्टल भन्दा बढी उत्पादन गर्ने किसानलाई प्रतिकिलो एक रुपैयाँका दरले प्रोत्साहन दिने व्यवस्था मिलाइएको उनको भनाई छ ।

आफ्नो नेतृत्वमा कृषि वाली वस्तुको न्यूनतम समर्थन मूल्य तोक्न हाल पाइलटको रुपमा चितवन, धादिङ र काभ्रे जिल्लामा सुरु गरिएको न्यूनतम समर्थन मूल्य कार्यक्रम कार्यान्वयनको लागि सूचना प्रकाशन गरी आवेदन संकलन कार्य भइरहेको उनले जानकारी दिए । मन्त्रालयको आफ्नै कार्यक्षेत्र भन्दा बाहिरका क्रियाकलापहरु जस्तै सडक, सिंचाइ जस्ता कार्यक्रम र स्थान विशेष क्रियाकलापहरु हटाइएको उनको दाबी छ । कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशिल र सुदृढ गर्न 'प्रदेश कृषि विकास अध्यादेश' २०७९ जारी भएको उनले बताए । अध्यादेशमा भएको व्यवस्था वमोजिम किसान परिचय पत्र वितरण कार्यविधि, २०७९ स्वीकृत भई राजपत्रमा प्रकाशन भएको छ ।

कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्य सुरुवात गरिएको तथा उक्त कामका लागि मन्त्रालयले सूचना प्रकाशन गरिसकेको जनाइएको छ । पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर, चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापना भइरहेको मन्त्री हुमागाईले जानकारी दिए । प्रदेशलाई बीउमा आत्मनिर्भर बनाउन परियोजनाको रुपमा बीउ बिजन आत्मनिर्भर कार्यक्रम सुरुवात गरिएको, उक्त कार्यक्रमको चितवन, मकवानपुर, धादिङ र काभ्रे जिल्लामा क्षेत्र निर्धारण कार्य सम्पन्न भई प्रस्ताव आह्वान भएको मन्त्रालयका प्रवक्ता झलकनाथ कँडेलले जानकारी दिए ।

चितवनको खैरहनी नगरपालिका, धादिङको बेनीघाट रोराङ गाउँपालिका, सिन्धुलीको सुनकोशी गाउँपालिका, रामेछापको मन्थली नगरपालिका, दोलखाको जिरी नगरपालिका, सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका र लिशंखुपाखर गाउँपालिका, रसुवाको कालिका गाउँपालिका, नुवाकोटको बिदुर नगर पालिका र बेलकोटगढी नगरपालिका गरी ८ जिल्लाका १० स्थानमा शित भण्डार निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको मन्त्रालयले दाबी गरेको छ । रसुवाको सम्पन्न भई सञ्चालनमा आएको तथा बाँकी चालु आवमा सम्पन्न भई सञ्चालनमा आउने र उक्त कार्यबाट १५ हजार ८ सय मेट्रिक टन फलफुल तथा तरकारी भण्डारणमा सहजता भएको जनाइएको छ ।

हेटौंडामा दूध पाउडर प्लान्ट निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको र प्रशासनिक भवन, मुख्य कारखाना भवन, वोइलर भवन र कोल्ड स्टोर भवन निर्माणको अन्तिम चरणमा रहेको मन्त्रालयले दाबी गरेको छ । हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको र प्रशासनिक तथा क्यान्टिन भवन निर्माण कार्य सकिएर हाल सटर बनाउने कार्य भइरहेको छ । मन्त्रालयले पाँच विगाह वा पचास रोपनी भन्दा बढी जमिनमा तरकारी खेती गर्ने किसानको कृषि उपज भण्डारको लागि कोल्ड च्याम्बर निर्माण गर्न सूचना प्रकाशन भई आवेदन संकलन भइरहेको जनाएको छ ।

# पाँच वर्षदेखिको सहयोगले फेरिएको शैक्षिक गुणस्तर

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/जिल्लाका दुर्गम राक्सिराङ गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधारोन्मुख भएको जनाइएको छ ।

विगत पाँच वर्षदेखि बालबालिकालाई शैक्षिकसँगै अन्य क्षेत्रमा सहयोग प्रदान भएपछि उनीहरुको शैक्षिक गुणस्तरमा सुधार पाइएको हो । राक्सिराङ गाउँपालिका-३, स्थित सुर्यदय माविका २५ जना बालबालिकालाई कोर इन्टरनेशनल क्यानडाको आर्थिक सहयोग, राक्सिराङ् गाउँपालिकाको समन्वय तथा हिमराइट्स मकवानपुर को आयोजनामा विगत ५ वर्षदेखि नियमित सहयोग हुँदै आएको छ । बालबालिकाहरुलाई शैक्षिकसँगै विविध पाटोमा सहयोग गरेपछि उनीहरुको शैक्षिक गुणस्तरमा सुधार देखिएको हो । केही दिन अघि हिमराइट्स मकवानपुरले विद्यार्थीहरुको लागि खाजा वापत प्राप्त हुने पैसाले खाद्यन्न वितरण गरेको थियो ।

ज्याला मजदुरी गरेर जिविका चलाउँदै आएका २५ अभिभावकको सूर्यदय माध्यमिक विद्यालयमा अध्ययनरत २५ बालबालिकालाई सहयोग गर्दै आएको छ । वडा नम्बर ३ का वडाअध्यक्ष उत्तम वाइवाले विपन्न परिवारलाई छनौट गरेर गरिएको आर्थिक सहयोगले शिक्षामा सहयोगी भूमिका खेल्ने बताए । संस्थाले गरेको सहयोगलाई अभिभावकले सकारात्मक फल दिनको लागि ध्यान दिनुपर्ने उनले बताए ।

बालबालिकाको शैक्षिक उन्नती तथा उज्यालो भविष्यको लागि सकारात्मक निगरानी आफूले गर्ने उनको भनाई छ । निरन्तर स्कुल आउन र फरक प्रकारको सिर्जनशीलता देखाउन विद्यार्थीलाई पनि वडा अध्यक्ष वाईबाले आग्रह गरे ।

पाँच वर्ष अघि र अहिले यहाँका विद्यार्थीहरुमा शैक्षिक गुणस्तर सँगै अतिरीक्त क्रियाकलापमा समेत सुधार भएको हिमराइट्सले व्यवस्थापन गरेको अतिरिक्त शिक्षक सबिना भारतीले बताइन् । विद्यालय समयभन्दा बाहेक प्रत्येक दिन भारतीले पाठ्यक्रम र अतिरिक्त ज्ञान हुनेगरी २ घन्टा कक्षा लिने गरेकी छिन् । भारतीलाई हिमराईट्सले नै पारिश्रमिक दिएर अतिरिक्त शिक्षकको व्यवस्था गरेको हो । बालबालिकाको सुरक्षा, हिंसाबाट बचावटको लागि पनि ध्यान दिनको लागि हिमराइट्स मकवानपुर प्रमुख कुमारी वाइबाले आग्रह गरिन् ।

अभिभावकलाई दीगो आर्थिक उपार्जनमा सघाउन बाख्रा पनि वितरण गरेको वाइबाले बताइन् । स्थानीय जुनमाया प्रजाले आफूलाई संस्थाले बीउ पुर्जीको रुपमा बाख्रा सहयोग गरेपछि अरु बाख्रासमेत थपेर व्यवसायिक बन्ने कोशिसमा लागेको बताइन् । उनको छोरी सुसिला प्रजा संस्थाकै सहयोगमा कक्षा १२ पढ्दै छिन ।

विद्यार्थीहरुलाई जाडोको लागि न्यानो कपडा वितरणको तयारी समेत भैरहेको हिमराइट्स मकवानपुरकी इन्दु गोलेले बताइन् । कोर इन्टरनेशनल क्यानडाको आर्थिक सहयोगमा हिमराइट्स मकवानपुरले विद्यार्थीको अध्ययनको लागि शैक्षिक सामग्री, अतिरिक्त शिक्षक, विद्यालय पोशाकसमेत सहयोग गर्दै आएको छ ।

भर्ना भएर पनि पढ्न नआएका विद्यार्थीहरु सहयोग पाउन थालेपछि नियमित पठनपाठनमा सहभागी हुने गरेको विद्यालयले जनाएको छ । विद्यालयमा प्रध्यानाध्यापक सिताराम सुवेदीले सिमान्तकृत समुदायका बालबालिकालाई पढाइमा सुधार पुगेको, सहयोग निरन्तरता दिँदै दीगो आयआर्जनमासमेत ध्यान दिनुपर्ने बताए ।

हिमराइट्सले गरेको लगानीको प्रतिफल दिनको लागि अभिभावकले ध्यान दिनुपर्नेमा प्रध्यानाध्यापक सुबेदीले पनि अनुरोध गरे ।

# बागमतीको सभामुख र उपसभामुख निर्वाचन पुस अन्तिममा

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/बागमती प्रदेशसभाको दोस्रो कार्यकालका लागि सभामुख र उपसभामुख चयन प्रक्रिया अगाडि बढेको छ । हेटौंडा-१०, स्थित प्रदेशसभा सचिवालयमा सोमबार बसेको सर्वदलीय बैठकले सभामुख र उपसभामुख चयनका लागि निर्वाचनको मिति तय गरेको छ ।



११ औं अधिवेशन सुरुवात गर्नुअघि सोमबार बिहान प्रदेशसभा सचिवालयमा सर्वदलीय बैठक भएको थियो । बैठकले प्रदेशसभाको सभामुख र उपसमाभुख पुस अन्तिममा दुई दिन लगाएर चयन गर्ने निर्णय गरेको प्रदेश सभा सचिवालयले जनाएको छ । सभामुखको निर्वाचन २८ पुसमा गर्ने सहमति जुटेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । यसैगरी, उपसभामुख चयन २९ पुसमा हुने सर्वदीय सहमति भएको छ । सभामुख र उपसभामुख चयनका लागि २७ पुसमै मनोनयद दर्ता गर्नुपर्ने भएको छ ।

प्रदेशसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुख चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ । सत्तारुढ गठबन्धनभित्र सभामुख र उपसभामुख कसले पाउने टुंगो लागिसकेको छैन् । नेताहरुका अनुसार गठबन्धनमा सरकारको नेतृत्व गर्ने दलको टुंगो लागेसँगै सभामुख र उपसभामुखको पनि भागबण्डा लाग्ने भएको हो ।

हालसम्म सभामुखका लागि माओवादी केन्द्रबाट निवर्तमान उपसभामुखसमेत रहेकी राधिका तामाङको चर्चा छ । तर, उनको दाबी पनि सरकारको भागबण्डासँग निर्भर छ । प्रदेशसभाको दोस्रो कार्यकालका लागि सभामुख र उपसभामुख चयन भएपछि प्रदेश प्रमुख यादव चन्द्र शर्माले प्रदेश सभामा सम्बोधन गर्ने सर्वदलीय सहमति छ ।


## साधारणसभामा उपस्थित हुनेबारे सूचना

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार **चौधौ वार्षिक साधारणसभा** सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभाको पत्र पठाइसकिएको छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०७९ पुस ३० गते शुक्रबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल
समय : बिहान ११ बजे ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौंडा-१ चौकीटोल**


## सप्लाई चेन असिष्टेन्ट आवश्यक्ता

यस संघको आयोजनामा २०७९ माघ ११ गतेदेखि २३ गतेसम्म हेटौंडा-१०, टिसिएन चौरमा हुन गईरहेको राष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९ को लागि केही सप्लाई चेन असिष्टेन्ट आवश्यक भएकोले प्रविणता प्रमाणपत्र तह अध्ययनरत वा उत्तिर्ण ईच्छुक महानुभावहरुले २०७९ पौष २९ (म्याद थप गरिएको) गतेसम्म पासपोर्ट साईजको एक थान फोटो, नागरिकताको प्रतिलिपि र शैक्षिक प्रमाणपत्रको प्रतिलिपिसहित संघमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । यस अघिका मेलामा सप्लाई चेन असिष्टेन्ट भई कार्य गरिसक्नु भएकाहरुलाई प्राथमिकता दिइनेछ ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा,-२ मकवानपुर
फोन नं. ०५७-५२०३१०,९८५५६७७३९



## सादर आमन्त्रण



जन्म: १९९१/५/१४
स्वर्गारोहण: २०७९/९/९

स्व. टेकनाथ सापकोटा

हाम्रा प्रात:स्मरणीय एवम् पूजनीय पिता **टेकनाथ सापकोटा**ज्यूको दु:खद् निधन भएकोमा मर्माहत् हुँदै उहाँको दिवंगत आत्माको चीरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । पिताश्रीको पार्थिव शरिर अन्तिम दाहसंस्कारमा पाल्नुभई एवम् समवेदना व्यक्त गर्नुभई सान्त्वना प्रदान गर्नुभएकोमा कृतज्ञ हुँदै **१३ औं दिनको पुण्यतिथिमा** निम्न मिति, समय र स्थानमा पितृप्रसाद ग्रहणको लागि यहाँलाई सादर आमन्त्रण गर्दछौं ।

**निम्न:**
मिति : २०७९/९/२१,
समय : दिउँसो १:०० बजेदेखि
स्थान : निजि निवास हेटौंडा-६, भुलभुले

**प्रार्थी**
**छोरा/बुहारी**
**भरत सापकोटा/दुर्गा सापकोटा/महेश्वरी सापकोटा**
**बलराम सापकोटा/लक्ष्मीदेवी सापकोटा**



## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्ने परेमाभेन्टिलेसन खुला राखौं ।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।*


नेपाल सरकार
**विज्ञापन बोर्ड**

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



*होम डेलिभरिको पनि व्यवस्था छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

## अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन न.:०५७-५२०३१५


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना